*अब तलको मन्त्र पढुन्जेल घ्यूको धारा नटुटाउने :*

## ॐ वसोः पवित्रमसि शतधारं वसोः पवित्रमसि सहस्र धारम् देवस्त्वा सविता पुनातु वसोः पवित्रेण शतधारेण सुप्वा काधुक्षः स्वाहा ॥

*यसरी हवन समाप्त भएपछि यज्ञकुण्डको तीन पटक परिक्रमा गरी हवन कुण्डबाट भष्म निकालेर तिलक धारण गर्नु पर्छ :*

# खण्ड २
# नेपालीमा भावानुवाद

सर्वप्रथम साधकले पवित्रतापूर्वक साधना आरम्भ गर्नका लागि बायाँ हातमा जल लिएर दाहिने हत्केलाले ढाकी ॐ अपवित्रः पवित्रो वा भन्ने पवित्रीकरण मन्त्र पढ्नु पर्छ :

अर्थ - अपवित्र वा पवित्र जस्तोसुकै अवस्थामा पनि जसले पुण्डरीकाक्ष विष्णुलाई सम्झिन्छ, उसको बाह्य र आभ्यन्तर सबै शुद्ध हुन्छ।

यो मन्त्रको उच्चारणसँगै अभिमन्त्रित जललाई दाहिने हातले आफ्नो सारा शरीरमा छर्किनु पर्छ। यसपछि सर्वप्रथम शक्तिस्वरुपा देवीका रुपमा गुरुको ध्यान गर्नु पर्छ :

अर्थ - हजारौँ पात र हजारौँ केस्राहरू भएको विशाल कमलमा बसेकी, पद्मराग मणिजस्तो रातो चेहरा आभासित हुने र रातै वस्त्र लगाएकी, हातमा राता बाला लगाएकी, खुट्टामा राता घुँघुरुँ लगाएकी, शरद् ऋतुका चन्द्रमाजस्ता उज्याला र राता कुण्डलहरू लगाएकी, तरुण सूर्यको जस्तो तिर्मिराउँदो आभा भएकी, करुणाले भरिएका आँखाले हेरिरहेकी, वर र अभय नामक दुई आयुधलाई हातमा धारण गर्ने, शान्तस्वरुपा र अभिनव गुरुत्वले युक्त भएकी देवीलाई म सम्झिन्छु। ती आफ्ना पतिको बायाँतिर बसेकी छन्। उनका भरखरै फुलेको कमलजस्ता आँखा छन्, उनको अनुहार प्रशन्नन छ, ती छिनिन्छ कि जस्तो पातलो कम्मर भएकी छन्। त्यस्ती गुरुस्वरुपा पार्वतीको म ध्यान गर्दछु।

यसरी शक्तिस्वरुपामा स्थित गुरुको ध्यान गरेपछि एघार पटकसम्म निम्नलिखित गुरुपादुका मन्त्रको उच्चारण गर्नुपर्छ :
**ॐ ऐं ह्रीं श्रीं ऐं क्लीं सौ हंसः, शिवः सोऽहं हंसः स्वरुपनिरुपणहेतवे श्री गुरवे नमः ॥**
यसपछि सप्तशती पाठ प्रारम्भ हुन्छः-

अर्थ- श्री गणेशलाई नमस्कार छ। पिशाचका समूहले घेरिएकी, त्रिशूल र खड्ग हातमा लिएकी, सिंहमा चढेकी हे देवी ! यहाँ आऊ र मैले गरेको पूजा ग्रहण गर। म सत्पशतीस्वरुपा सरस्वतीलाई आव्हान गर्दछु। ॐ ह्रीं मन्त्रस्वरुपा चण्डिकालाई नमस्कार छ।

यसपछि निम्मलिखित शापोद्धार मन्त्र ७ पटक जप्नु पर्छ :

**ॐ ह्रीं क्लीं श्रीं क्रां क्रीं चण्डिके देवि !**
**शापानुग्रहं कुरु कुरु स्वाहा ॥**

शापोद्धार मन्त्रपछि २१ पटक उत्कीलन मन्त्र जप्नुपर्दछ :
उत्कीलन मन्त्र यस प्रकार छ -

**ॐ श्रीं क्लीं ह्रीं सप्तशति चण्डिके !**
**उत्कीलनं कुरु कुरु स्वाहा ॥**

अब कवच पाठ गर्ने विधान बताइन्छ। कवच पाठ सुरु गर्नुअघि आफ्ना इष्ट देवदेवी र मान्यजनलाई सम्झी नमस्कार एवं मङ्गलकामना गर्नु पर्छ :
अर्थ- श्री गणेशलाई नमस्कार छ। श्री सरस्वतीलाई नमस्कार छ। श्री गुरुहरूलाई नमस्कार छ। श्री कुलदेवताहरूलाई नमस्कार छ। मैले थालेको काममा कुनै विघ्न नहोस्। ॐ नारायणलाई नमस्कार छ। ॐ नरहरूमा उत्तम नरलाई नमस्कार छ। ॐ सरस्वती देवीलाई नमस्कार छ। ॐ वेदव्यासलाई नमस्कार छ। ॐ चण्डिकालाई नमस्कार छ।
मार्कण्डेय ऋषिले भन्नुहुन्छ।

पाठ गरिसकेपछि पाठक क्रममा आफूले जानी जानी नजानी शरीरजन्य, वाणीजन्य वा मनजन्य कुनै गल्ती गरेको भए त्यसको दोष निवारणका लागि निम्नलिखित क्षमा-प्रार्थना गर्नु पर्छ :

## क्षमा-प्रार्थना

अर्थ- हे परमेश्वरी ! मद्वारा दिनहुँजसो हजारौं अपराधहरू हुने गर्छन् । मलाई दासजस्तै मानेर मेरा ती सबै अपराधहरू क्षमा गरिदिनुहोस् ॥१॥
म तपाईंको आव्हान, विसर्जन र पूजाका कुनै पनि विधि जान्दिनँ, तापनि मलाई क्षमा गर्नुहोस् ॥२॥
हे सुरेश्वरी ! मन्त्र, क्रिया र भक्तिले हीन भए पनि मैले जे जति पूजा गरें, त्यो मेरा लागि परिपूर्ण होस् ॥३॥
सयौं अपराध गरेर पनि जसले 'जगदम्बा' भन्ने नामको उच्चारण गर्छ, त्यसले प्राप्त गरेझैं गति ब्रम्हा आदि देवताहरूले समेत प्राप्त गर्न सक्दैनन् ॥४॥
अपराधले युक्त भए पनि हे जगदम्बिका ! म तपाईंको शरण पर्न आएको छु, मलाई तपाईंको अनुकम्पा चाहिएको छ, तपाईंलाई जस्तो उचित लाग्छ, त्यस्तै गर्नुहोस् ॥५॥
हे देवी ! अज्ञान, विस्मृति र भ्रान्तिवश मैले थोरै वा धेरै वा धेरै जे जति आराधना गरें, ती सबै कुरामा मलाई क्षमा गरी मप्रति प्रसन्न हुनुहोस् ॥६॥
हे कामेश्वरी ! तपाइँ जगत्की आमा हुनुहुन्छ, सच्चिदानन्दस्वरुपा हुनुहुन्छ, तपाइँले मैले गरेको यो पूजा ग्रहण गर्नुहोस् र मसँग प्रसन्न हुनुहोस् ॥७॥ हे सुरेश्वरी ! तपाइँ गुह्यभन्दा पनि अति गुह्यस्वरुपा हुनु हुन्छ । तपाइँले हामीद्वारा गरिएको छ यो जप ग्रहण गर्नुहोस् । तपाइँको प्रसादले हाम्रो कामना सिद्ध होस् ॥८॥

## नर्वाण-मन्त्र

यो मन्त्र स्फटिक या रुद्राक्षको मालामा १०८ पटक जप्नुपर्छ।
मन्त्र यसप्रकार छ :

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे।

# दुर्गाष्टोत्तरशतनाम स्तोत्रम्

अर्थ- ॐ श्री दुर्गालाई नमस्कार छ।

***यसपछि देवी दुर्गाका १०८ वटा नामहरू बताइन्छ। भगवान् शिव भन्नु हुन्छ :***

अर्थ- हे कमलजस्ता आँखा हुने पार्वती ! अब म देवी दुर्गाका १०८ नामहरू बताउँछु, जुन नामहरू सुन्दा या पढ्दा मात्रै पनि परम साध्वी भवगती दुर्गा प्रसन्न हुनु हुन्छ। ती नाम यसप्रकार छन् :-
१. ॐ सती, २. साध्वी, ३. भवप्रीता (भगवान् शिवप्रति प्रेमभाव राख्ने), ४. भवानी, ५. भवमोचनी (संसाररुपी बन्धनबाट मुक्त गराउने), ६. आर्या, ७. दुर्गा, ८. जया, ९. आद्या, १०. त्रिनेत्रा, ११. शूलधारिणी, १२. पिनाकधारिणी, १३. चित्रा, १४. चण्डघण्टा (ठूलो स्वरमा घण्टा बजाउने) १५. महातपा (ठूलो तपस्या गर्ने), १६. मन (मनन-शक्ति), १७. बुद्धि (बोधशक्ति), १८. अहंकारा (अहंकारकी आश्रयस्वरुपा), १९. चित्तरुपा, २०. चिता, २१. चिति (चेतना) २२. सर्वमन्त्रमयी (सम्पूर्ण मन्त्रकी स्वरुप), २३. सत्ता (सत्-स्वरुपा), २४. सत्यानन्दस्वरुपिणी, २५. अनन्ता (जसको स्वरुपको कहीं अन्त्य छैन), २६. भाविनी ( सबैलाई उत्पन्न गर्ने), २७. भाव्या (भावना र ध्यान गर्न योग्य), २८. भव्या (कल्याणरुपा), २९. अभव्या (जसभन्दा माथि भव्य भन्ने कुरा

संसारमा कहीँ छैन), ३०. सदागति, ३१. शाम्भवी (शिवजीकी प्यारी), ३२. देवमाता (देवताहरूकी आमा), ३३. चिन्ता, ३४. रत्नप्रिया, ३५. सर्वविद्या, ३ठ. दक्षयज्ञ विनाशिनी (दक्ष प्रजापतिको यज्ञ नाश गर्ने), ३८. अपर्णा (तपस्याका समयमा पात पनि नखाएर बस्ने), ३९. अनेकवर्णा (अनेक रङ्गकी), ४०. पाटला (रातो रङ्ग भएकी), ४१. पाटलावती (गुलाबको फूल वा रातो फूल धारण गर्ने), ४२. पट्टाम्बरपरीधाना (रेसमी वस्त्र लगाउने), ४३. कलमञ्जीररञ्जिनी ( मधुर ध्वनि निस्किने मञ्जीर वस्त्र लगाउने), ४४. अमेयविक्रमा ( असीम पराक्रम धारण गरी सदा प्रसन्न रहने), ४५. क्रूरा (दैत्यहरूप्रति कठोर), ४६. सुन्दरी, ४७. सुरसुन्दरी, ४८. वनदुर्गा, ४९. मातङ्गी, ५०. मतङ्गमुनिपूजिता (मतङ्ग मुनिद्वारा पूजित), ५१. ब्राह्मी, ५२. माहेश्वरी, ५३. ऐन्द्री, ५४. कौमारी, ५५. वैष्णवी, ५६. चामुण्डा, ५७. वाराही, ५८. लक्ष्मी, ५९. पुरुषाकृति, ६०. विमला, ६१. उत्कर्षिणी, ६२. ज्ञाना, ६३. क्रिया, ६४. नित्या, ६५. बुद्धिदा, ६६. बहुला, ६७. बहुलप्रेमा, ६८. सर्ववाहनवाहना, ६९. निशुम्भ-शुम्भहननी, ७०. महिषासुरमर्दिनी, ७१. मधुकैदभहन्त्री, ७२. चण्डमुण्ड विनाशिनी, ७३. सर्वासुरविनाशा, ७४. सर्वदानवघातिनी, ७५. सर्वशास्त्रधारिणी, ७६. सत्या, ७७. सर्वास्त्राधारिणी, ७८. अनेकशस्त्रहस्ता, ७९. अनेकास्त्रधारिणी, ८०. कुमारी, ८१. एककन्या, ८२. कैशोरी, ८३. युवती, ८४. यति, ८५. अप्रौढा, ८६. प्रौढा, ८७. वृद्धमाता, ८८. बलप्रदा, ८९. महोदरी, ९०. मुक्तकेसी, ९१. घोररुपा, ९२. महाबला, ९३. अग्निज्वाला, ९४. रौद्रमुखी, ९५. कालरात्रि, ९६. तपस्विनी, ९७. नारायणी, ९८. भद्रकाली, ९९. विष्णुमाया, १००. जलोदरी, १०५. कात्यायनी, १०६. सावित्री, १०७. प्रत्यक्षा, १०८. ब्रह्मवादिनी ॥२-१५॥

हे देवी पार्वती ! जसले हरेक दिन देवी दुर्गाका यी १०८ नामको पाठ गर्दछ, उसका लागि तीनै लोकमा गर्न नसक्ने कुरा केही छैन ॥१६॥ त्यो मानिसले धन, धान्य, पुत्र, स्त्री, घोडा, हस्तीजस्ता लौकिक ऐश्वर्यका

साथै धर्म, अर्थ र काम रुप सबै पुरुषार्थ प्राप्त गरी अन्त्यमा सनातन मुक्तिसमेत पाउँछ ॥१७॥

कुमारीको पूजा र देवी सुरेश्वरीको ध्यान गरेर अत्यन्त भक्तिपूर्वक उनको पूजा गर्नुपर्छ र फेरि १०८ वटा नामको पाठ गर्न प्रारम्भ गर्नुपर्छ ॥१८॥ हे देवी ! जसले यसरी देवी दुर्गाको अर्चना गर्छ, उसले सबै श्रेष्ठ देवताहरूभन्दा पनि उच्च प्रकारको सिद्धि प्राप्त गर्छ, उसले सबै श्रेष्ठ देवताहरूभन्दा पनि उच्च प्रकारको सिद्धि प्राप्त गर्छ, उसले सबै श्रेष्ठ देवताहरूभन्दा पनि उच्च प्रकारको सिद्धि प्राप्त गर्छ । राजा पनि यस्ता व्यक्तिका वशमा रहन्छन् । यस्तो व्यक्तिले राज्यलक्ष्मीसमेत प्राप्त गर्छ ॥१९॥ गोरोचन, लाक्षा, कुङकुम, सिन्दुर, कपुर, घ्यू, चिनी र मह- यी वस्तु जम्मा गरी यिनैद्वारा विधिपूर्वक यन्त्र लेखेर जो विधिज्ञ पुरुषले सधैँ त्यसलाई धारण गर्छ, त्यो व्यक्ति शिवतुल्य बन्छ ॥२०॥

मङ्गलवार, औँसी र शतभिषामा चन्द्रमा रहेको योगमा वा यीमध्ये कुनै एक समयमा भए पनि जसले माथिको स्तोत्र लेखेर पाठ गर्छ, ऊ सम्पत्तिशाली बन्छ ॥२१॥

श्री विश्वसारतन्त्रमा उल्लिखित देवीदुर्गाका एक सय आठ नामसम्बन्धी स्तोत्र यहीँ समाप्त भयो ।

# अथ तान्त्रिक देवीसुक्त

अर्थ- देवताहरूले भने-

देवीलाई नमस्कार छ, महादेवी शिवालाई निरन्तर नमस्कार छ । प्रकृति र भद्रालाई नमस्कार छ, हामी नियमपूर्वक ती जगदम्बालाई प्रणाम गर्दछौँ ॥१॥

रौद्रालाई नमस्कार छ । नित्या, गौरी र धात्रीलाई बारम्बार नमस्कार छ । ज्योत्सानमयी, चन्द्ररुपिणी र सुखस्वरुपा देवीलाई निरन्तर नमस्कार छ ॥२॥

शरणागतको कल्याण गर्ने, ऋद्धि र सिद्धिस्वरुपा देवीलाई हामी बारम्बार नमस्कार गर्दछौं। नैऋती (राक्षसहरूकी लक्ष्मी), राजाहरूकी लक्ष्मी तथा शर्वाणी (शिव-पत्नी) स्वरुपा, तपाइँलाई बारम्बार नमस्कार छ ॥३॥

दुर्गा, दुर्गपारा (कठिन सङ्कटबाट पार उतार्ने), सारा (सारस्वरुपिणी वा सबै कुराको सार रुपमा रहेकी), सर्वकारिणी, ख्याति, कृष्णा र धूम्रा देवी निरन्तर नमस्कार छ ॥४॥

अतिसौम्य र अतिरौद्र रुप भएकी देवीलाई हामी नमस्कार गर्दछौं। जगत्‌की आधारभूत कृतिदेवीलाई बारम्बार नमस्कार छ ॥५॥

जुन देवी सबै प्राणीमा विद्यमान रहेर विष्णुमाया नामले पुकारिन्छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥६॥

जुन देवी सबै प्राणीमा विद्यमान रहेर चेतना नामले पुकारिन्छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥७॥

जुन देवी सबै प्राणीमा बुद्धिरुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥८॥

जुन देवी सबै प्राणीमा निद्रारुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥९॥

जुन देवी सबै प्राणीमा क्षुधारुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥१०॥

जुन देवी सबै प्राणीमा छायारुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥११॥

जुन देवी सबै प्राणीमा शक्ति रुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥१२॥

जुन देवी सबै प्राणीमा तृष्णारुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥१३॥

जुन देवी सबै प्राणीमा क्षान्ति(क्षमा) रुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥१४॥

जुन देवी सबै प्राणीमा जातिरुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥१५॥

जुन देवी सबै प्राणीमा लज्जारुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥१६॥

जुन देवी सबै प्राणीमा शान्तिरुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥१७॥

जुन देवी सबै प्राणीमा श्रद्धारुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥१८॥

जुन देवी सबै प्राणीमा कान्तिरुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥१९॥

जुन देवी सबै प्राणीमा लक्ष्मीरुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥२०॥

जुन देवी सबै प्राणीमा वृत्तिरुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥२१॥

जुन देवी सबै प्राणीमा स्मृतिरुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥२२॥

जुन देवी सबै प्राणीमा दयारुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥२३॥

जुन देवी सबै प्राणीमा तृष्टिरुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥२४॥

जुन देवी सबै प्राणीमा मातृरुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥२५॥

जुन देवी सबै प्राणीमा भ्रान्तिरुपले अवस्थित छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥२६॥

जो देवी जीवहरूकी इन्द्रियवर्गकी अधिष्ठात्री हुन् र जो सबै प्राणीहरूमा व्याप्त भएर रहेकी छन्, ती व्याप्ति देवीलाई बारम्बार नमस्कार छ ॥२७॥

जुन देवी चैतन्य स्वरुपमा यो सम्पूर्ण जगत्‌लाई व्याप्त गरेर रहेकी छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार र तिनलाई बारम्बार नमस्कार ॥२८॥

धेरै अगाडि आफ्नो इच्छानुसार फलप्राप्ति हुँदा देवताहरूले जसको स्तुति गरे र देवराज इन्द्रले निकै लामो समयसम्म जसको सेवा-आराधना गरे, कल्याणकी साधनस्वरुपा बनेकी तिनै देवीले हाम्रो कल्याणका साथै माङ्गलिक आशिर्वाद दिऊन् र सारा आपत्तिहरू नाश गरिदिऊन् ॥२९॥

उद्दण्ड दैत्यहरूबाट सताइएका हामी सबै देवगणले जुन परमेश्वरीलाई

यतिखेर नमस्कार गरिरहेका छौं र जुन देवीले विनम्र पुरुषहरूद्वारा स्मरण गरिँदा तत्कालै सम्पूर्ण विपत्तिहरू नाश गरिदिन्छिन्, ती जगदम्बाले हाम्रा सबै सङ्कटहरू दूर गराइदिऊन् ॥३०॥

# सिद्धकुञ्जिकास्तोत्र

**अर्थ -**

शिवजी भन्नुहुन्छ-

हे देवी ! सुन, म तिमीलाई उत्तम कुञ्जिकास्तोत्रबारे बताउँछु, जुन मन्त्रको प्रभावले देवीको जप (पाठ) सफल हुन्छ ॥१॥

कुञ्जिकास्तोत्र पाठ गर्ने व्यक्तिका लागि कवच, अर्गला, किलक, रहस्य, सूक्त, ध्यान, न्यास र यहाँसम्भम कि अर्चनासमेत आवश्यक छैनन् ॥२॥

केवल कुञ्जिकास्तोत्रको पाठ मात्रले दुर्गा पाठको सम्पूर्ण फल प्राप्त हुन्छ । कुञ्जिकास्तोत्र अत्यन्त गुप्त र देवताहरूका लागि पनि दुर्लभ छ ॥३॥

हे पार्वती ! यस कुञ्जिकास्तोत्रलाई आफ्नो गुप्ताङ्गजस्तै प्रयत्नपूर्वक गुप्त राख्नु पर्छ । यस उत्तम कुञ्जिकास्तोत्रको केवल पाठ मात्रैले पनि मारण, मोहन, वशीकरण, स्तम्भन र उच्चाटन आदि (अभिचारमूलक) उद्देश्य सिद्ध हुन्छन् ॥४॥

मन्त्र- ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ॥ ॐ ग्लौं हुँ क्लीं जूं सः ज्वालय ज्वालय ज्वल प्रज्वल ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ज्वल हं सं लं क्षं फट् स्वाहा ॥

(मन्त्रमा प्रयुक्त बीजाक्षरहरूको अर्थ जान्नु न सम्भव छ, न आवश्यक र वाञ्छनीय नै। यसको केवल जपमात्र पर्याप्त छ।)

हे रुद्रस्वरुपिणी ! तिमीलाई नमस्कार छ। हे मधु दैत्यलाई मार्नेवाली ! तिमीलाई नमस्कार छ। कैटभविनाशिनीलाई नमस्कार। महिषासुरको वध गर्ने देवी ! तिमीलाई नमस्कार छ ॥१॥
शुम्भको हनन् गर्ने र निशुम्भलाई मार्नेवाली ! तिमीलाई नमस्कार छ ॥२॥

हे महादेवी ! मेरो जपलाई जाग्रत् र सिद्ध तुल्याऊ। 'ऐंकार'का रुपमा सृष्टिस्वरुपिणी, 'ह्रीं' का रुपमा सृष्टि-पालन गर्नेवाली ॥३॥

'क्लीं' का रुपमा कामरुपिणी (तथा निखिल ब्रह्माण्ड) र बीजरुपी देवी ! तिमीलाई नमस्कार छ। चामुण्डाका रुपमा चण्डविनाशिनी र 'यै' कारका रुपमा तिमी वर दिनेवाली छ्यौ ॥४॥

'विच्चे' का रुपमा तिमीले नित्य अभयदान दिन्छ्यौ। यसरी तिमी 'ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे' नामक मन्त्रस्वरुपा बनेकी छ्यौ ॥५॥

'धां धीं धूं' का रुपमा धूर्जटी (शिव) की तिमी पत्नी हौ। 'वां वीं वूं'का रुपमा तिमी वाणिकी अधीश्वरी हौ। 'क्रां क्रीं क्रूं'का रुपमा कालिकादेवी, 'शां शीं शूं' का रुपमा मेरो कल्याण गर ॥६॥

'हुं हुं हुंकार' स्वरुपिणी, 'जं जं जं' जम्भनादिनी, 'भ्रां भ्रीं भ्रूं' का रुपमा हे कल्याणकारिणी भैरवी भवानी ! तिमीलाई बारम्बार प्रणाम ॥७॥

'अं कं चं टं तं पं यं शं वीं दुं ऐं वीं हं क्षं धिजाग्रं' यी सबैलाई तोड

र दीप्त गर गर स्वाहा । 'पां पीं पूं' का रूपमा तिमी पार्वती पूर्णा हौ । 'खां खीं खूं' का रुपमा तिमी खेचरी (आकाशवाणी) अथवा खेचरीमुद्रा हौ ॥८॥

'सां सीं सूं' स्वरुपिणी सप्तशती देवीको मन्त्रलाई मेरा लागि सिद्ध गर । माथि भनिएको यो कुञ्जिाकास्तोत्र मन्त्रलाई जगाउनका लागि उपयोग गरिन्छ । यो मन्त्र भक्तिहीन पुरुषलाई दिनु हुँदैन । हे पार्वती ! यसलाई गुप्त राख । हे देवी ! जसले कुञ्जिकाविना नै सप्तशतीको पाठ गर्छ, उसलाई त्यसरी नै सिद्धि प्राप्ति हुन सक्दैन, जसरी वनमा रुनु निरर्थक हुन्छ । यसरी श्री रुद्रयामलको गौरीतन्त्रमा शिवपार्वती संवादका रुपमा रहेको सिद्धकुञ्जिकास्तोत्र सम्पूर्ण भयो ।
(प्रतिदिन प्रातःकालमा माथि बताइएको कुञ्जिकास्तोत्र पाठ गर्नाले सबै प्रकारका विघ्नबाधाबाट नष्ट हुन्छन् । यो कुञ्जिकास्तोत्र र देवीसूक्तसहित सप्तशती पाठ गर्नाले परम सिद्धि प्राप्त हुन्छ ।)
मारण-काम, क्रोधनाश, मोहन-इष्टदेवमोहन, वशीकरण-मनको वशीकरण, स्तम्भन-इन्द्रियहरूका विषयप्रति अनुत्साह र उच्चाटन-मोक्षप्राप्तिका लागि छट्पटाहट, यी सबै कुरा यस स्तोत्रलाई उद्देश्यअनुरुप सेवन गर्नाले सफल हुन्छन् ।
॥ॐ तत्सत् ॥

## *यसपछि निम्नलिखित शापोद्धार मन्त्र ७ पटक जप्नुपर्छ :*

ॐ ह्रीं क्लीं श्रीं क्रां चण्डिके देवि ! शापानुग्रहं कुरु कुरु स्वाहा ।
शापोद्धार मन्त्रपछि २१ पटक उत्कीलन मन्त्र जप्नुपर्दछ :
उत्कीलन मन्त्र यसप्रकार छ -
ॐ श्रीं क्लीं ह्रीं सप्तशति चण्डिके उत्कीलनं कुरु कुरु स्वाहा ॥

# क्षमा - प्रार्थना

पाठ गरिसकेपछि पाठका क्रममा आफूले जानी नजानी शरीरजन्य, वाणीजन्य वा मनजन्य कुनै गल्ती गरेको भए त्यसको दोष निवारणका लागि निम्नलिखित क्षमा-प्रार्थना गर्नुपर्छ :

अर्थ - हे परमेश्वरी ! मद्वारा दिनहुँजसो हजारौं अपराधहरू हुने गर्छन् । मलाई दासजस्तै मानेर मेरा ती सबै अपराधहरू क्षमा गरिदिनोस् ॥१॥ म तपाइँको आव्हान, विसर्जन र पूजाका कुनै पनि विधि जान्दिनँ, तापनि मलाई क्षमा गर्नुहोस् ॥२॥

हे सुरेश्वरी ! मन्त्र, क्रिया र भक्तिले हीन भए पनि मैले जे जति पूजा गरेँ, त्यो मेरा लागि परिपूर्ण होस् ॥३॥

सयौं अपराध गरेर पनि जसले 'जगदम्बा' भन्ने नामको उच्चारण गर्छ, त्यसले प्राप्तभैं गति ब्रम्हा आदि देवताहरूले समेत प्राप्त गर्न सक्दैनन् ॥४॥

अपराधले युक्त भए पनि हे जगदम्बिका ! म तपाइँको शरण पर्न आएको छु, मलाई तपाइँको अनुकम्पा चाहिएको छ, तपाइँलाई जस्तो उचित लाग्छ, त्यस्तै गर्नुहोस् ॥५॥

हे देवी ! अज्ञान, विस्मृति र भ्रान्तिवश मैले थोरै वा धेरै जे जति आराधना गरेँ, ती सबै कुरामा मलाई क्षमा गरी मप्रति प्रसन्न हुनुहोस् ॥६॥

हे कामेश्वरी ! तपाइँ जगत्की आमा हुनुहुन्छ, सच्चिदानन्दस्वरुपा हुनु हुन्छ, तपाइँले मैले गरेको यो पूजा ग्रहण गर्नुहोस् र मसँग प्रशन्न हुनुहोस् ॥७॥ हे सुरेश्वरी ! तपाइँ गुह्यभन्दा पनि अति गुह्यस्वरुपा हुनुहुन्छ । तपाइँले हामीद्वारा गरिएको यो जप ग्रहण गर्नुहोस् । तपाइँको प्रसादले कामना सिद्ध होस् ॥८॥

# खण्ड - ३
# विविध जानकारी

श्रीगणेशाय: नम:

# सद्गुरु सिद्धिमन्त्र

**॥ ॐ परमतत्त्वाय नारायणाय गुरुभ्यो नम: ॥**

सद्गुरुको मार्गदर्शनमा आत्मादेखि परमात्मासमेतलाई प्रत्यक्ष पहिचान गर्ने उद्देश्यले ईश्वरीय शक्ति साधनामा होमिएका स्थूल देहधारी जो कोही साधकको परम गुरु भनेको शिवको अर्धनारीश्वर (आधा शिव र आधा शक्तिको स्वरुप) हो। शक्तिविनाको शिव, शव बराबर हुने भएकाले शक्तिमय गुरुसाधनामा गुरुको ध्यान स्त्रीस्वरुपमा गरिएको छ। यहाँ के प्रस्ट्याउन खोजिएको हो भने ब्रह्मा, विष्णु र रुद्र यी तीन एकअर्काका परिपूरक तत्वहरू हुन्। यी तीनमध्ये एकको मात्र अनुपस्थितिमा यस चराचर जगत्लगायत ब्रम्हाण्डकै सन्तुलन सञ्चालन गर्ने, हुने प्रकृयामा ठूलो रुकावट आउँछ भन्ने कुरामा दुई मत छैन। हामी चेतनशील प्राणीका पंक्तिमा परेका मानवजातिलाई सुख, शान्ति होस् भन्नका लागि भगवान् विष्णुको ठूलो अनुकम्पा वा भूमिका छ। विभिन्न कालमा परमतत्व स्वरुप भगवान विष्णु मानव स्वरुप धारण गरी विभिन्न रुपमा यस पृथ्वी तलमा अवरित हुनुभएको प्रमाण शास्त्रहरूमा पाइन्छ। मानव जातिको हितका लागी सत्संस्कार सिकाउने र साधनात्मक जीवनबाटै यस लोकदेखि परलोकसम्म ख्याति कमाउन सकिन्छ भन्ने कुराको दिव्योपदेश दिने जगत्गुरु श्रीकृष्णको नारायण स्वरुपलाई शिवले समेत गुरु मानेकोले नै हामी सबै साधकले सवैभन्दा पहिले गुरुसाधना गर्दा एकलाख पच्चीस हजारको संख्यामा ॐ परमतत्त्वाय नारायणाय गुरुभ्यो नम: को जप-अनुष्ठानको साधना गर्नु जरुरी छ। त्यसपछि गुरुसाधनाका हकमा गर्नुपर्ने शिवशक्ति संयुक्त साधना मसानमा बसेर गर्नुपर्ने भएकाले यो पुर्ण रुपले प्रामाणिक

गुरुमुखी अतिगोप्य साधना रहेको छ। अहिलेसम्म कुनै पनि गुरुले कुनै पनि शास्त्रमा यो कुरा खुलस्त उल्लेख गर्न सकेका छैनन्। तर इच्छाशक्ति प्रबल भएका जो कोही साधकलाई मेरै संरक्षकत्वमा गुह्य साधनासुत्रका साथ यो साधनासमेत गराइदिने विश्वास दिलाउँछु। यही गुरुसाधना सात्विक वैदिकमार्गबाट जाँदाखेरि ११ पटकसम्म गर्नुपर्दछ भन्ने भनाई वैदिक तन्त्रमा उल्लेख गरिएको छभने यस सुत्रलाई ११ पटकसम्म गर्न सके गुरु पुर्ण रुपले सिद्ध हुन्छन् भन्ने मान्यता सद्गुरुदेव नारायणदत्त श्रीमालीबाट पनि पुष्ट्याई भएको छ। यो कुरा अधिकांश निखिल शिष्य साधकहरूलाई थाहा नै छ होला भन्ने कुरासमेत प्रष्ट पार्दछु। तर वाममार्ग वा अघोरतन्त्रबाट साधना गर्नेले नारायणलाई गुरु मानी एकपटकमात्र एकलाख पच्चीस हजारको जप-अनुष्ठान वा पुरश्चरण साधना गरे पुग्दछ। बाँकीका हकमा शिवशक्ति संयुक्त साधना (**ॐ परमतत्वाय शिवशक्ति स्वरुपाय नमः शिवाय**) ले नै साधनात्मक जीवनको अन्तिम बिन्दु वा लक्ष्यमा पुऱ्याउँछ भन्ने कुरामा दुई मत छैन। साधनात्मक अवधिभर कुनै पनि इच्छा आकांक्षा र आशक्ति बढ्न नदिई संयमतापूर्वक साधनाको मार्ग तय गर्ने साधकले प्रारम्भ अनुसारको इष्टदेवको प्राप्ति अवश्य गर्दछन् भन्ने अनुभव अहिलेसम्म सद्गति प्राप्त गरिसकेका सद्गुरुदेवहरूको हो र मेरो अनुभव अनुभुतिले समेत त्यही कुरालाई प्रमाणित गर्दछ।

निष्कर्षमा कलिमा कालीको साधनाबाहेक पारमार्थिक यात्रामा शीघ्र फल दिने विश्वसनीय साधना अन्य कुनै पनि साधना नभएकोले यस घोर संसारबाट पार पाउन कालीसाधना गरी जीवन सफल पार्न सबैलाई सल्लाह दिन्छु।

**॥ ॐ शिव संकल्पमस्तु ॥**

श्री गणेशाय नमः

# विशेष जानकारी

मानव जीवनमा विभिन्न विघ्नबाधाको समस्याबाट मुक्तिका लागि आफ्नो जीवनकालमा कम्तिमा १ देखि ३ पटकसम्म विघ्नविनासिनी माताको साधना गर्नु अति आवश्यक देखिन्छ। कुनै पनि महिनाको आइतबार, मंगलबार, पर्ने औँशीको दिन पारी अमलाको बोटमूनि राति १० बजेपछि सद्गुरूको निर्देशनमा निम्नलिखित मन्त्र १०,००० पटक स्फटिकको मालाले जप्ने।

**मन्त्र**

**ॐ ऐं ह्रीं क्लीं नमः**

भैरव दिगबन्धन मन्त्र : शनिवार परेको अष्टमीको दिन पारी सुनशान मसानघाटमा चिताभष्म जीउभरि दलेर तलका २ मन्त्रहरू क्रमशः १ माला र दोस्रो ११ मालाको जप गर्ने। सद्गुरुको सामिप्यमा राति १२ बजेपछि।

**मन्त्र**

क. **ॐ भो भैरव मनुस्तुभ्यंम्॥ भगवान् करुणा कर,
अस्म जपस्य सिद्धर्थ मनुज्ञां दातु महर्षि - (एक माला)**

ख. **ॐ बज्र क्रोधाय महादन्ताय दश दिशो बन्ध बन्ध हुम् फट् स्वाहा॥**

श्रीकृष्णको बालरुप दर्शनका लागि गंगातटमा बसेर दिनको १०८ पटक जपभजन ध्वनि प्रभावका साथ गरेमा श्रीकृष्ण भगवान्को तलका आठै रुपको दर्शन हुन सक्दछ।

**मन्त्र नाम भजन**

**अच्युत्तमः, केशवम्, राम, नारायणम्, कृष्ण, दामोदरम्, हरि वासुदेवम्॥**

# ध्यानाकर्षण

माथिका कुनै पनि मन्त्र साधना नगरी सूक्ष्म शरीरको जागरण तथा ध्यानावस्था वा समाधि अवस्थामा पुग्न चाहने साधकलाई अति नै प्रामाणिक र प्रभावकारी ध्यानको मन्त्र निम्न प्रकार छ । यसको मूल ध्वनिलाई समातेर नित्य विहान बेलुका ध्वनि प्रभावका साथ पाठ गरेमा ३ महिनाभित्रै साधकमा परिवर्तन आउँदछ ।

*समन्वय गर्दा विहान गरेपनि हुन्छ ।*

*राति १२ बजेदेखि ३ बजेसम्म गर्दा शीघ्र लाभ*

**ॐ परं वै प्रतन्त पूर्वा:स सतां सदीर्घा स:ऽ धौ सचैतन्यम् सपरिपूर्णताम् । परिपूर्णताम् पूर्णताम् वां पूर्वा: समाधि वैं: सत: सा शत: सा शत: सहस्रमयि ॥**

# श्राद्ध विधान

कर्मको इच्छा आाकांक्षा हुँदा हुँदै अकाल वा सकाल मृत्युवरण गरेका राजा-महाराजा, ज्ञानी, ध्यानी, तपस्वी, ऋषिमूनि, विद्वान् तथा सर्वसाधरण समेतका सन्ततिले वर्षको एकपटक मात्र भए पनि कुनै पनि महिनाको सोमबारका दिन पारी राति ११ बजेपछि

खुला आकाशमूनि वा घरको छतमा बसेर तल उल्लेखित पिण्ड पूजा गरेमा पितृदोषबाट मुक्त हुनुका साथै, पितृहरुले पनि तृप्ति, सद्गति र मुक्ति समेत पाउने भएकोले धर्मसम्प्रदायप्रतिको भेदलाई त्यागी यो पिण्ड पूजा गरेमा पितृ र सन्तति दुवैको कल्याण हुनुका साथै जीवनमा आइपर्ने संकट व्यवधानबाट सजिलै पार पाइन्छ भन्ने विश्वास दिलाउँदछु ।

# पिण्ड पूजा विधान

आवश्यक सामग्री :

१. ३ माना गाईको दूध २. १$^{१/२}$ माना बास्नादार चामल, ३. यति, साह्रोगरी पाक्ने पित्तलको भाँडो ४. गाईको शुद्ध घीउ आधी माना ५. मह ३ चम्चा ६. केराको पात (ठूलो नच्यातिएको २ वटा) ७. माटोको ठूलो दियो २ थानं ८. ठूलो एउटा दियोमा

भरि हाल्न पुग्ने तिलको तेल नभए तोरीको तेल भए पनि हुन्छ। ९. सेतो कपडा २ मिटर १०. पिण्डमाथि छर्न वा पूजा गर्न पुग्नेगरि सेतो र पहेँलो फूल ११. भेटी ६६ वटा सिक्का पैसा १२. केशरी १ डब्बा १३. बाटेको राम्रो धूप ६६ वटा १४. पेडा १ पाउ

## विधान

कुनै पनि महिनाको सोमबारका दिन पारी त्यस दिनमात्र पूजा नसिध्याएसम्म नून हालेको सामग्री नखाने। राति ११ बजेपछि खुला आकाश देखिनेगरि घरको आँगन वा छतमा बसेर देहशुद्धी नभए पनि आत्मशुद्धीका साथ माथिका सम्पूर्ण सामग्रीहरु अगाडि राखेर सर्वप्रथम पित्तलको भाँडोमा ३ माना दूधमा १$^{१/२}$ चामल र १ चम्चा घीउ हालेर साह्रोगरि पिण्ड पकाउनु होस् र त्यो पिण्डलाई एउटा ठूलो थालमा खन्याएर २ चम्चा मह हालेर मुछ्नुहोस् र तिल छर्किएर पिण्ड बटांर्न थाल्नोस्। तल चित्रमा

दिइएअनुरुप दुई वटा ठूला र बाँकी ६४ वटा मझौला पिण्ड बटारेर १६-१६ वटाको लहरमा केराको पातमा सजाएर भनौँ वा मिलाएर राख्नुहोस् । त्यसपछि पहेँलो केशरी तथा सेतो फूलले पिण्डमाथि पूजा गर्नुहोस् । प्रसाद पेडा चुँडेर सबै पिण्डमाथि चढाउनु होस् । ठूला २ पिण्डका अगाडि आफू उत्तर फर्केर बस्दा आफ्नो दायाँ हाततर्फ तेलको दियो र बायाँ तर्फ घीउको दियो बाल्ने अनि ६४ वटै पिण्डमा एक एक वटा सिक्का चढाउने ।

त्यसपछि एउटा तामाको पञ्चपात्रमा पानी राखेर उत्तरतर्फ फर्केर सुखद आसनमा बसी ६६ वटै बाटेको धूप सल्काएर ६६ वटै पिण्डमाथि राख्ने । र , सर्वप्रथम स्फटिक वा रुद्राक्षको मालाले एक माला वा १०८ पटक **ॐ परमतत्वाय शिवशक्तिस्वरुपाय नमः शिवाय** मन्त्र जप्ने । अब पञ्चपात्रको पानी आचमणिमा लिएर प्रत्येक मन्त्रैपिच्छे प्रत्येक पिण्डमा पानी चढाउनुहोस् र ६६ वटै पिण्डमा पानी

चढाइसकेपछि बाँकी १०८ को माला पूरा गर्नुहोस् । मन्त्र यसप्रकार छ-

**(क) ॐ परमतत्वाय शिवशक्तिस्वरुपाय मम: पितृभ्यो नम: स्वाहा ॥ (१ माला)**

**(ख) ॐ परमतत्वाय शिवशक्तिस्वरुपाय मम: पितृभ्यो नम: स्वधा ॥ (१ माला)**

पिण्ड पूजा समाप्त भइसकेपछि दुवै हात जोडी हे पितृ देवताहरु हामी सन्ततीले दिएको पिण्ड पानी खाई तृप्त भई, हामीलाई आशिर्वाद दिनुहोस् र आ-आफ्नो लोकतिर जानुहोस् भनी हामी सन्तती प्रार्थना गर्दछौं ।

स्वाहा भनेर दिँदा देवतुल्य पितृले पाउने र स्वधा भनेर दिँदा पिशाचयोनिमा भट्किरहेका पितृहरुले पाउने भएकाले स्वाहा र स्वधा दुवै भनी पिण्ड तर्पण गर्न गराउन अति आवश्यक देखिन्छ ।

यसरी पिण्डपूजा समाप्त भएपछि पिण्डलाई सेतो कपडाले छोपेर रातभरि त्यहीं छोड्ने र भोलिपल्ट ती पिण्डहरु भएसम्म गाईगोरुलाई ख्वाउने । र, नभएमा पिण्डमा चढाइएको भेटीसमेत जलाशयमा लगेर सेलाइदिने ।



# पिण्डस्थापना विधिसूत्र




१६/१६ वटा सानो पिण्ड ४ लहरमा

# रङ, साधक र सूत्र

**चेवन श्री**

समयको रङ हुन्छ साधकको रङ हुन्छ । अनिं युगको पनि रङ हुन्छ । सत्ययुग सेतो रङको थियो, त्रेता रातो, द्वापर पहेंलो र कलिको रङ कालो छ ।

रङ अनुसारको देवता छन् । रङ अनुसारको प्रभाव छ । शक्तिको रङ रातो हुन्छ । शिवको रङ नीलो हुन्छ । कुन स्वरुपमा कुन रङ हुने, त्यो अलग कुरा हो । तर, सबै रङ कालोबाटै उत्पति भएको हो । यसैको प्रतीकस्वरुप अघोरीहरुले कालो कपडा धारण गर्छन् । यद्यपि साधुसन्यासीलाई पञ्चरङको वस्त्र धारण गर्न छुट छ । तर निचोडको रङ कालो हो । उत्पतिको विहान कुन रङ थियो ? त्यो सरोकार रहेन । तर कालोभित्रको कालो र त्योभित्रको पनि कालो हामीले जान्नु छ । मन्त्र जाप गर्नु छ । के यो मन्त्र जाप गर्नाले त्यो जानिन्छ ? बाबाजी भन्नु हुन्छ, यही मन्त्र पढेर मैले जानैं भने तिमीहरूले चाहिँ कसरी जान्दैनौं ?

हामी अवश्य जान्दछौं । तर, साधना गर्नु पऱ्यो । साधना गर्नु भनेको न पाप गर्नु हो न धर्म गर्नु हो । केवल शरीरलाई साध्नु हो । शरीरलाई साधेर अग्निसमान बनाउनु पर्छ । अग्निको संयुक्त स्वरुप दुई रङको हुन्छ - निलो र रातो । बाबाजीका अनुसार परम तत्व त्यही हो, जसलाई शिव र शक्तिको नाममा पुजिएको छ । जसरी अग्निले भेद देख्दैन, त्यस्तै साधकले पनि जीव जीवमा भेद देख्नु हुँदैन । जसले भेद राख्दैन, त्यही अघोर हो ।

बाटोमा आउने जानेहरूसँग भेद भए पनि, भेट भए पनि हामीलाई सरोकार हुँदैन । शेष शेषान्तरहरूसँग पनि हुँदैन । सबैले आफूले आफैँलाई साध्ने हो । आफ्नो क्षमताको विकास आफैं गर्ने हो ।

शरीर साधनामा हुने मन्त्र घर्षणबाट जुन तेज निस्किन्छ, त्यही ज्ञान हो । अनि ज्ञान नै शक्ति हो । ज्ञानको रापले सज्जनलाई पनि आनन्द दिन्छ । बदमासलाई पनि आनन्द दिन्छ । तर, केवल शास्त्रमा पढे, सुनेको,

श्लोकले, न भन्नेलाई फाइदा गर्छ न सुन्नेलाई ।

यो कलिमा हामी सुविधाको दास बनिरहेका छौँ । हामीलाई सुविधा हैन, श्रम चाहिएको छ । साधनामा श्रम चाहिएको छ । हुन त आवश्यकताभन्दा ठूलो ईश्वर छैन, तर आवश्यकताको एउटा सीमाना राख्नु पर्छ । सत्चिन्तकको पहिचान त्यही हो । मृत्युपर्यन्त जीवनको लागि पनि केही त सोच्नु पर्छ नि होइन ? दोष अरुलाई लगाउँदा लगाउँदै जीवन बितिजाला । आफ्नो क्षमताको विकास आफैँ गर्नु पर्छ । साधना नगरी आफ्नो क्षमता कसरी थाहा हुन्छ ? यसैबेला बाबाजी पनि भन्नु हुन्छ- के मोटो मान्छेको छेउमा बसेर मोटाइन्छ र ?

छोटो मन्त्र, छिटो लाभ र समान फलका निम्ति यो पुस्तकको मन्त्र शुद्धसही उच्चारणका साथ जाप गर्न आवश्यक छ । विधिविधान दिइएकै छ । हतारमा र फुर्सदमा बसेर जाप गर्नुभन्दा दैनिक विहान बेलुका निश्चित समय छुट्याएर गरे राम्रो हुन्छ । नित्यको निरन्तरता आवश्यक पर्छ ।

अघोर सम्प्रदायमा गुरु परम्पराबाट निरन्तर जपिँदैआएको चण्डी मन्त्र नै यही हो । जुन सर्वहितका लागि बाबाजीले उजागर गर्नुभएको छ ।

बाबाजी भन्नुहुन्छ, शास्त्रसम्मत नभएर साधनासम्मत जानु ठीक छ । शास्त्रको मन्त्रभन्दा यो मन्त्र जापको लागि 'शुद्ध' पारिएर दिइएको छ । ताकि ध्वनि कम्पनले सुप्त चण्डी जागृत होऊन् ।

१३ अध्यायको चण्डी श्लोकको मूलस्वरुप यही १२ श्लोक हो । यसलाई शुद्ध मन्त्र ध्वनिका साथ उच्चारण गरी जाप गर्नु पर्दछ । अन्त्यमा तम, रज र सत्व यी तीन गुण क्रमशः तीन रङका छन् - कालो, रातो र सेतो । यसलाई महाकाली, महालक्ष्मी र महासस्वतीको प्रतिक रङ मानिन्छ । अनि हामीले गुरुस्वरुपमा पनि उनै स्त्रीस्वरुपलाई प्रार्थना गरेका छौँ । ताकि साधकलाई साधनामा शक्तिको कृपा मिलोस् । त्यसको सूत्र यही हो ।

जय अघोर !

*cheyone02@yahoo.com*
Kathmandu, Nepal

यो जागृत पुस्तक भएकोले खुट्टाले किल्चिने, च्यात्ने
वा जथाभावी नराख्न सुझाव दिइन्छ ।

9 789937 226165